स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दोस्रो संस्करणको 'नेपाल ग्रामीण चलचित्र महोत्सव' (नेरुफफ)मा फिल्म 'झिँगेदाउ'बाट मुकुन्द भुषाल उत्कृष्ट अभिनेता र फिल्म 'प्रकाश'बाट दीया मास्के उत्कृष्ट अभिनेत्री घोषित भएका छन् । जेठ २६ र २७ गते काभ्रेको भकुण्डेबेसीस्थित जनक माध्यमिक विद्यालयमा आयोजना भएको महोत्सवको शनिबार समापन समारोहमा दुवैले अवार्ड ग्रहण गरे । त्यस्तै, "प्रकाश"ले जुरी अवार्ड र उत्कृष्ट पटकथा लेखन (विकास सुवेदी) अवार्ड पनि जितेको छ ।

आजको विचार...



गणेश ज्ञवाली

समाजवादी...

(दुई पेजमा)



भारतको दुईवटा चर्चित रियालिटी शो 'झलक दिखला जा-९' र 'डीआईडी लिटिल मास्टर-३'को उपाधि जितेर ठूलो चर्चा कमाएकी नेपाली मुलकी तेरिया मगरले अब अभिनय करिअर सुरु गरेकी छन् । केही नेपाली फिल्ममा अभिनयको प्रस्ताव अस्वीकार गरेकी उनले भारतको सरकारी टेलिभिजन दूरदर्शनको प्रस्तुती रहेको 'स्वराज' नामक सिरियलमा विशेष भूमिकामा अभिनय गरेकी छन् । तेरियाले आफ्नो इन्स्टाग्राममा आइतबार प्रशारण हुने सिरियलको प्रोमो सेअर गरेकी छन्, जसमा उनलाई लडाकु अवतारमा देख्न सकिन्छ ।

❑ वर्ष २८ ❑ अंक ३१४ ❑ २०८० जेठ २९ गते सोमबार 12 June 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सङ्क्षिप्त समाचार

### आज विश्व बालश्रम विरुद्धको दिवस

**पाल्पा,** जेठ २८/विश्व बालश्रम विरुद्धको दिवस आज विविध कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन १२ लाई विश्वभर बालश्रम विरुद्धको दिवसका रुपमा मनाउने गरिन्छ ।

बालश्रमविरुद्ध आइएलओ महासन्धि १८२ र श्रममा प्रवेश गर्ने न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ कार्यान्वयनको सन्दर्भ पारेर सन् २००२ देखि १२ जुनलाई विश्व बालश्रम विरुद्धको दिवसका रूपमा मनाउन थालिएको हो । नेपालमा बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्षमुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ । उनीहरूलाई आयआर्जनका लागि श्रम गर्न अथवा कसैले श्रमिक बनाउन वर्जित छ । सन् २०२५ सम्ममा बालश्रमका सबै स्वरुपको अन्त्य गर्न निर्णायक कदम चाल्नुपर्नेमा आइएलओले जोड दिएको छ । सन् २००२ जुन १२ यता विश्वव्यापी बालश्रमिकको दुर्दशाको बारेमा चेतना फैलाउन प्रत्येक वर्ष बालश्रम विरुद्धको दिवस मनाउने गरिन्छ ।

किसानको गुनासो

# 'फलफूलका बिरुवा बाहिरको भित्रिन्छ, जिल्लाकै बिक्दैन'

**रेसुङ्गा,** जेठ २८/गुल्मीको रेसुङ्गा नगरपालिका-९ मा वीरबहादुर कार्कीले उत्पादन गरेका बिरुवालाई बजारीकरणको समस्या देखिएको छ । रेसुङ्गा मदाने जडीबुटी तथा कृषि उत्पादन प्रशोधन प्रालि दर्ता गरेर १६ वर्षदेखि उनी बिरुवा उत्पादनमा सक्रिय छन् । उनले भने,'बाहिरी जिल्लाबाट बिरुवा भित्रिन्छन् । तर जिल्लाभित्रका बिरुवा बिक्री नहुँदा नर्सरीमा बिरुवा खेर गइरहेका छन् ।' कार्कीले सुन्तला, कागती, टिमुर, अनार, किबी, चियापत्ती, अम्बा, कुरिलो र धुपीलगायत दर्जनौं बिरुवा उत्पादन गर्दै आएका छन् । विभिन्न कार्यालयले किसानलाई विभिन्न प्रकारका बिरुवा



वितरण गर्दै आए पनि ती बिरुवा जिल्ला बाहिरबाट भित्रिएका छन् । सदरमुकाममै नर्सरी रहे पनि उनी बिरुवा बिक्री नभएपछि पिरलोमा छन् । कार्कीको नर्सरीमा हाल सुन्तला, कागती, टिमुर, अनार, किबी, चियापत्ती, अम्बा, कुरिलो, धुपी, मौसम, गुलाफ, मनकामना, श्रीखण्ड, रुद्राक्ष, स्ट्रबेरी, सुगर फ्री, अङ्गुर र तरकारीजन्य सबै बिरुवा पाइन्छन् । बिरुवाबाट वार्षिक सातदेखि १७ लाखसम्म आम्दानी गर्ने कार्की यस वर्ष बिरुवा बिक्री नहुने चिन्तामा छन् । छपन्न वर्षीय कार्कीले बजारीकरणको 'ग्यारेन्टी' भएमा उत्पादन बढाउने बताए । तर बिरुवा बिक्री नभएपछि लगानी घटाउँदै गएको उनको गुनासो छ । 'किसानलाई बिरुवा वितरण गर्ने कार्यक्रम गुल्मीमा बर्सेनि चल्छन्', उनले भने,'माटो सुहाउँदो बिरुवा भए पनि हाम्रो बिक्री हुन्न, बाहिरी जिल्लाबाट खरिद हुन्छ', सामुद्रिक सतहबाट एक हजार पाँच सयको उचाइमा उत्पादित बिरुवा होचो वा अग्लो दुवै स्थानका लागि उपयुक्त हुने भए पनि बिरुवा बिक्रीमा समस्या देखिएको हो । कार्कीसँग अहिले कागती ४० हजार, सुन्तला ३० हजार, टिमुर १५ हजार, अनार सात हजार, कुरिलो पाँच हजार, धुपी तीन हजार र अन्य बिरुवा एक हजारभन्दा माथिका रहेका छन् । उनले सुन्तला २३, कागती २५, टिमुर ६०, किबी एक सय ५० र अम्बा प्रतिबिरुवा ५० मा बिक्री गर्छन् । कार्कीले विसं २०६४ मा २० हजारबाट सुरु गरेको नर्सरी अहिले ४६ लाखको पुगेको छ । विगत १६ वर्षदेखि प्रत्येक वर्ष लगानी बढाउँदै गएका व्यवसायी कार्की बिरुवा बिक्री हुन छाडेपछि भने लगानी घटाउने सोचमा छन् । उनले हाल सात रोपनी जग्गामा बिरुवा उत्पादन गरिरहेका छन् । यसमा दुई रोपनी निजी र पाँच रोपनी जग्गा भाडामा छन् ।

भाडामा लिएको जग्गाको वार्षिक १५ हजार भाडा उनले तिर्दै आएका छन् । कार्कीलाई श्रीमती रेनुले नर्सरीमा सघाउँदै आएकी छन् । नर्सरीबाट औसतमा दैनिक पाँच जनाले रोजगारी पाएका छन् । उनले दुई वर्ष अगाडि एउटा टनेल घर निर्माण गर्न रेसुङ्गा नगरपालिकाबाट एक लाख अनुदान लिएको बताउँछन् । 'अनुदान नपाएको भन्ने मेरो गुनासो नै छैन', उनले भने,'उत्पादित बिरुवाको बजार ग्यारेन्टी भए पुग्छ ।' उनी मालिका गाउँपालिका-५ छापहिलेका स्थायी बासिन्दा हुन् । राजनीति र कृषि पेसामा सक्रिय उनी विगत १६ वर्षदेखि जिल्ला सदरमुकाम तम्घासमा बस्दै आएका छन् । उनी नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा गुल्मी जिल्ला इञ्चार्जको जिम्मेवारीमा छन् । **-रासस**

## 'रक्तदान जीवनदान' विषयक वक्तृत्वकला



**पाल्पा,** जेठ २८/जिल्लाको तानसेनमा 'रक्तदान जीवनदान' विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ । नेपाल रेडक्रस सोसाइटी श्रीनगर युवा रेडक्रस सर्कलको आयोजनामा नगरस्तरीय वक्तृत्वकला प्रतियोगिता भएको हो ।

विद्यार्थीहरुमा रगतको आवश्यकता र महत्व दर्शाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको सर्कलले जनाएको छ । प्रतियोगितामा सहभागीहरुले रक्तदान नै जीवनदान भएको उल्लेख गर्दै रगतको महत्वका बारेमा सबैमा सचेतना जगाउनु पर्नेमा जोड दिएका थिए । उनीहरुले मानव स्वास्थ्य जस्तो संवेदनशील विषयमा सबै गम्भीर बन्नुपर्ने बताए थिए । प्रतियोगितामा १० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । जसमा न्यु होराइजन माध्यमिक विद्यालयकी कृश्ला ढुङ्गाना प्रथम भएकी छन् । दमकडा नमुना माध्यमिक विद्यालयकी सपना भण्डारी दोस्रो र मिलिनियम माध्यमिक विद्यालयकी समीक्षा तिमिल्सिना तेस्रो भएका छन् । कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी पाल्पाका सभापति बाबुराम कार्कीले सहभागी सबैलाई बधाई दिदैं यस्ता कार्यक्रमले नेतृत्व विकाससँगैं समाजमा सकरात्मक परिवर्तन हुने विश्वास व्यक्त गरे । प्रतियोगिताका निर्णायक मण्डलका संयोजक महेन्द्र पन्थीले केही नम्बरले तलमाथि भएता पनि सहभागी सबैको प्रस्तुति उत्तिकै राम्रो रहेको बताए ।

पन्थीले सहभागी प्रतियोगीको अनुहार कुनै दिन सदनमा देखिन सकिने भन्दै प्रतियोगीतामा असफल प्रतियोगीहरुलाई निराश नहुन आग्रह गरे । सर्कलका अध्यक्ष सुदर्शन पाण्डेले आगामी दिनमा यस्ता प्रतियोगिताहरु सञ्चालन गर्दै जाने बताए । कार्यक्रम सर्कलका अध्यक्ष पाण्डेको अध्यक्षता, कार्यक्रम संयोजक अस्मिता भण्डारी स्वागत, सदस्य कमल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बालमैत्री नगर घोषणाको तयारीमा रामपुर : सूचकका बारेमा छलफल गर्दै

**पाल्पा,**जेठ २८/जिल्लाको रामपुर नगरपालिका बालमैत्री नगर घोषणाको तयारीमा जुटेको छ । उसले आगामी ३ वर्षभित्र नगरलाई बालमैत्री नगर घोषणा गर्ने गरी तयारीलाई तिव्रता बनाएको छ । नगरपालिकाले अहिले बालमैत्री घोषणाका लागि आवश्यक सूचका बारेमा विभिन्न व्यक्ति, संघ संस्थाहरुसँग छलफल तथा अन्तर्क्रियालाई तिव्रता दिएको पाइन्छ ।

नगरपालिकाले बालमैत्रीका विषयमा स्थानीय शासन पालिकास्तरीय २ दिने अभिमूखीकरण कार्यक्रम गरेको छ । नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्नका लागि अबलम्बन गर्नु पर्ने सुचकका विषयमा व्यापक छलफल भएको नगरपालिकाका प्रेस सल्लाहकार दानु हिस्कीले बताए । उनका अनुसार नगरलाई २०८३ साल मंसिर ५ गते भित्र बालमैत्री नगर घोषणा गर्ने गरी सरोबारवाला निकाय र लक्षित वर्गसँग छलफल, अन्तर्क्रिया जस्ता कार्यक्रमहरुलाई नगरले तिव्रता दिएको छ । छलफलमा सहभामगीहरुले



बालमैत्री नगरपालिका घोषणा गर्ने प्रतिवद्धता जनाएका छन् । उनीहरुले नगरपालिकालाई बालमैत्री बनाउनका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने बताएका छन् । नगरपालिकाले निर्माण गर्ने नीति तथा कार्यक्रम र योजना बालबालिकामैत्री बनाउनुपर्नेमा उनीहरुको जोड छ । कार्यक्रममा नगर प्रमुख रमण बहादुर थापाले दीर्घकालिन विकास र समृद्धिका लागि बालमैत्री नगरको आवश्यकता रहेको औल्याउँदै सबैको सहयोग जरुरी रहेको बताए । उनले भने,'अन्य क्षेत्रमा गरेको लगानी र बजेट क्षणिक समयको लागि देखावटी हो, बालबालिकाको क्षेत्रमा गरेको लगानीले नगरको दीर्घकालीन विकास हुन्छ, यसमा दुई मत छैन्, त्यसैले हामी नगरलाई बालमैत्री नगर बनाउन जुटेका हौं ।' उपप्रमुख बाल कुमारी थापाले बालबालिकाको चहाना र आवश्यकतालाई मध्य नजर गरेर नगरको नीति तथा कार्यक्रम तय गर्ने बताएकी छन् । नगर सल्लाहकार कृष्णप्रसाद पौडेलले सबैको समन्वय मार्फत चाँडै बालमैत्री घोषणा गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेकपा एमाले रामपुरका अध्यक्ष बिष्णुप्रसाद रेग्मीले मानव पुँजीको विकासले मात्र समाज रुपान्तरण सम्भव हुने भन्दै बालबालिकामा लगानी बढाउन नगर सरकारलाई आग्रह गरे । नगर प्रवक्ता कपिल बहादुर खाँणले दीर्घकालीन समुन्नतिका लागि बालबालिकामा लगानी बढाई योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी बालबालिकाको तर्फबाट सुप्रिया पराजुलीले नगरले तय गर्ने नीति तथा कार्यक्रममा बालबालिकाको क्षेत्रलाई मध्यनजर गर्न आग्रह गरिन् । कार्यक्रमको सहजिकरण प्रज्ञा परामर्श सेवा केन्द्रका अध्यक्ष शालिकराम पाण्डे र सचिव शालिकराम पोखरेलले गरेका थिए । प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेको स्वागत, प्रेस सल्लाहकार दानु हिस्की मगरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बालश्रम अन्त्य गरौं

नेपालमा बालश्रमको अवस्था निकै जटिल बन्दै गएको छ । अहिले हरेक, होटल, रेष्टुरेण्ट, सवारी सधान, उद्योग, कलकारखाना जस्ता क्षेत्रमा बालबालिका उल्लेखीय रुपमा रहेको देखिछ । संविधान र कानुनले बालबालिकालाई श्रममा लगाउन बन्देज गरेको छ । नीति र योजनामा बालश्रम न्यूनीकरणका प्रावधान तर्जुमा पनि गरिएका छन् । बालश्रम लक्षित विविध कार्यक्रम सरकार र विकासका साझेदार संस्थाले कार्यान्वयनमा सहयोग पनि गर्दै आएका छन् । तर पनि बालश्रमको समस्या अझै कायमै रहेको छ । बालश्रमको अन्त्यका लागि हरेक वर्ष जुन १२ का दिन बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइन्छ । आज पनि विश्वभर यो दिवस मनाइँदै छ । हरेक वर्ष बालश्रमविरुद्ध दिवस मनाइएपनि बालश्रमको अवस्था जस्ताको त्यस्तै छ । यो अत्यन्त दुखको कुरा हो । गुरुयोजना अनुसार सरकारले २०८२ सालसम्ममा सबै खालका बालश्रम निवारण गरिने लक्ष्य राखेको छ । तर, लक्ष्यअनुरूप कार्यान्वयन अवस्था भने शून्य देखिएको छ ।

बालश्रमविरुद्ध सरकार र निजी क्षेत्रबाट बालबालिकाका क्षेत्रमा थुप्रै काम भएका छन् । तर, अपेक्षितरुपमा बालश्रम न्यूनीकरण हुन नसक्नु विडम्वना हो । सडक बालबालिका, बाल मजदुर, होटल तथा रेस्टुरेन्टका बालश्रमिक र सवारी साधनमा काम गर्ने बालबालिकाका दुःख, पीडा र यातनामा कमी आउन सकेको छैन । बालबालिकालाई शारीरिक र मानसिक असर पर्ने गरी दवाबमा कुनै पनि काम लगाउनु हुँदैन भनिएपनि व्यवहारमा त्यो लागू हुन सकेको छैन । बालश्रम दिवसलाई अन्तर्राष्ट्रिय स्तरमा मनाई रहँदा नेपालमा भने यो दिवसको औचित्य कति छ भन्ने प्रश्न खडा भएको छ । बालअधिकार र हकको विषयमा अनगिन्ती राष्ट्रिय अन्तर्राष्ट्रिय दिवस मनाइएका छन् । बालबालिकाको अधिकारमा कयौं वकालत, सभा सम्मेलन गरिए । तर बालअधिकार र उनीहरुको अवस्था जहाँ थियो त्यहि नै छ । बालबालिकाले आफुले पाउनुपर्ने अधिकार पाउन सकेका छैनन् । उनीहरु सडकमा छन् । कन्टेनरमा फालिएका फोहोरमा भविष्य खोज्दै छन् । तर बालअधिकारका बारेमा चर्का नारा दिनेहरु नै घरमा कलिला बालबच्चाहरुलाई काममा लगाएका छन् । जसका कारण बालश्रम बढ्दै गएको हो । बालश्रमलाई समयमै उचित समाधान गर्न सकिएन भने यसले लामो समय देशको जनसांख्यिक लाभांशको उपयोगलाई परिणाममुखी हुन दिँदैन । तसर्थ बालश्रम अन्त्य गर्ने दिशामा सरकार र सरोकारवाला निकायले गम्भीर भएर सोंच्न जरुरी छ ।

## Opinion @ Social Network

हौसला सधैँ राखिराख्नु पर्छ
राम्रा अनि नराम्रा दिन त आइरहन्छन् जिन्दगीमा ।
*(ईश्वरी थापाको फेसबुक स्टाटस https://www.facebook.com/mwgarr.esori)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ (भाग–दुई)



**गणेश ज्ञवाली**

**जनवादी गणतन्त्र चीन**

माओत्सेतुङ्गको नेतृत्वमा सन् १९४९मा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । क्रान्तिपश्चात् पुरानो शिक्षा प्रणालीलाई ध्वस्त पार्दै नयाँ शिक्षा प्रणाली स्थापित गरियो । शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिन शुरु गऱ्यो । श्रमिक जनताको बीचमा जाने, उनीहरूको आवश्यकता पहिचान गर्ने, जनताबाट सिक्ने र जनतालाई सिकाउने नीति लिइयो । विशाल जनसंख्या भएको मुलुक, जुन लामो समयसम्म आन्तरिक सामन्तवादी शोषण र बाह्य साम्राज्यवादी दमनमा पिल्सिएको थियो, लाई समाजवादी मार्गमा डोऱ्याउने काम निकै नै चुनौतीपूर्ण रहेको थियो । राज्यले निरक्षरता उन्मूलन गर्दै मजदूर, किसान तथा अन्य कामदार जनतालाई राजनैतिक, वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्ने र समाजवादी शैक्षिक व्यवसायहरू विकास गरी सारा राष्ट्रको वैज्ञानिक एवं सांस्कृतिक स्तर उठाउने नीति लिइएको थियो । राज्यले समाजवादलाई सेवा गर्ने सबै क्षेत्रका विशेषज्ञहरूलाई तालिम दिने, बुद्धिजीवीहरूको संख्यालाई बढाउने र समाजवादी आधुनिकीकरणको परिस्थिति तयार गर्ने संवैधानिक व्यवस्था मिलाइयो । उच्च आदर्शहरू र नैतिकताका शिक्षा प्रचार गरेर समाजवादी सभ्यताको निर्माणलाई बलियो बनाउदै सार्वजनिक शिक्षा, अनुशासन र आचारसंहितालाई सूत्रबद्ध गर्ने नीतिगत व्यवस्था गरियो । समाजवादी मातृभूमि, जनता, श्रम, विज्ञान र समाजवाद प्रतिको पक्षधरता लिदै सामुहिकतावाद, अन्तर्राष्ट्रियतावाद, साम्यवाद एवं द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद बारे जनतालाई शिक्षित गर्ने र सामन्ती पूँजीवादी विचारहरूसँग संघर्ष गर्ने शैक्षिक नीति कायम गरियो । सन् १९५८ पछि चीनमा 'महान् अग्रगामी छलाङ्ग'को समाजवादी नीति अघि सारियो । त्यो बेला माओले भन्नुभएको थियो, "क्रान्तिलाई पक्र र उत्पादन बृद्धि गर ।" चीनमा क्रान्तिकालमा नै 'मीन-बान' श्रेणीका स्कूलहरू थिए जसको अर्थ हुन्थ्यो स्थानीय उत्पादन एकाइद्वारा चलाइएका विद्यालय । यी विद्यालयहरूमा औपचारिक शिक्षा र उत्पादक श्रम दुबैलाई समान समय र महत्त्व दिइन्थ्यो । त्यो बेला चीनमा विद्यालय र उत्पादन स्थलबीचको पर्खाल ढालिनु पर्छ भन्ने शैक्षिक मान्यता विकसित भयो ।

सांस्कृतिक क्रान्तिकालमा 'आंशिक काम, आंशिक अध्ययन' सम्बन्धी विद्यालयहरूमा अधिक जोड दिइएको थियो । यस्तो विद्यालयले श्रमप्रति सम्मान गर्ने, समाजप्रति जिम्मेवार रहने र समाजवादी व्यवस्थाप्रति इमान्दार रहने उच्च नैतिकतायुक्त नागरिक तयार पार्न सघाउ पुऱ्याउँथ्यो । विद्यालयको अवधि छोटो हुनुपर्छ भन्ने मान्यता थियो । क्रान्तिकारी योद्धाहरूको जीवनीलाई पाठ्यक्रममा समावेश गरियो । मार्क्सवाद लेनिनवाद र माओत्सेतुङ्ग विचारधाराको अध्ययन अध्यापनलाई विशेष जोड दिइयो । सन् १९६६मा शिक्षा सम्बन्धि निर्देशन दिँदै माओले भन्नुभएको थियो, "विद्यार्थीको मुख्य काम पढ्नु हो । पढ्नुको साथै उनीहरूले औद्योगिक काम, कृषि र सैनिक विषय पनि सिक्नु पर्दछ ।" किताबी ज्ञानभन्दा शारीरिक श्रम र जनताबाट सिक्ने कुरामा बढी जोड दिइयो । समाजवादी देशका विद्यार्थीलाई आफ्नै पौरखले देश बनाउनु र आत्मनिर्भर हुनु गौरवपूर्ण काम हो भन्ने मान्यताले प्रशिक्षित गरियो । समाजवादी चीनले "उत्पादनका लागि संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोग" भन्ने माओको मार्गदर्शनलाई शैक्षिक क्षेत्रमा मूलमन्त्र मानेर अघि बढ्यो । उद्योग, कृषि फारम र सिंगो समाजलाई नै कक्षाकोठा मान्नुपर्छ र तिनैबाट सिक्नुपर्छ भन्ने मान्यता अनुसार नै चीनको शिक्षानीति अघि बढेको थियो । शिक्षामा सिद्धान्त र व्यवहारलाई समायोजन गर्ने माओको चिन्तनलाई कार्यान्वयन गर्नका निम्ति चीनमा धेरैजसो प्राथमिक तथा माध्यमिक विद्यालयहरूले कारखानाहरू सञ्चालन गर्ने नीति लिइएको थियो । जन कम्युनहरूले पनि विभिन्न विद्यालयहरू सञ्चालन गरेका थिए । इन्जिनियरिङ्ग, प्रविधि, कृषि र स्वास्थ्य सेवामा प्रगति गर्ने शिक्षा नीति तय गरियो । राजनीति, गणित, साहित्य, एउटा विदेशी भाषा, भौतिक विज्ञान, रसायन विज्ञान, भूगोल, इतिहास, आधारभूत कृषि, शारीरिक प्रशिक्षण र क्रान्तिकारी संस्कृति गरी ११ वटा विषय क्षेत्रलाई पढाउने काम गरियो । आम ग्रामीण जनताको स्वास्थ्य सेवाका लागि देशैभरि "नाङ्गाखुट्टे डाक्टर"हरू परिचालन गरियो भने प्रौढ गरीव किसानहरूलाई "खाली खुट्टावान" शिक्षकका रूपमा कम्युनहरूमा पठाइयो । सारमा भन्दा सांस्कृतिक क्रान्तिकालमा तपसिल बमोजिमको शैक्षिक नीति अपनाइएको थियो । जसअनुसार,

- प्राथमिक शिक्षा देखि लिएर उच्च शिक्षासम्ममा समाजवादी चेतना र संस्कृतिले लैस भएका मजदूरहरू पैदा गर्ने ।
- व्यापक मात्रामा मजदूर र किसानहरूका केटाकेटीहरूलाई शिक्षा दिने ।
- पाठ्यक्रमको अवधि छोट्याउने ।
- पाठ्य सामग्रीहरूलाई व्यवहारिक काम र शारीरिक श्रमसित जोड्ने ।
- घोक्ने कुरामा जोड नदिई प्रबोधनद्वारा पढाउने ।
- सपुस्तकीय परीक्षा, त्यसले घोकन्ते पढाइको साटो ज्ञानको खोज र संयोजनमा जोड दिन्छ ।
- जीवन्त अध्ययन र माओ विचारधाराको प्रयोग ।

तर सन् १९७६मा माओको निधनपश्चात् चीनीया शिक्षा नीति समाजवादी मान्यताबाट अलिकति बिचलित हुँदै पूँजीवादी मार्गतर्फ अघि बढेको प्रष्ट अनुभूत हुन्छ ।

**क्युवा :**

फिडेल क्यास्त्रो र चे ग्वेभाराको नेतृत्वमा सन् १९५९मा क्युवामा समाजवादी क्रान्ति सम्पन्न भयो । क्युवाले आफ्नो शैक्षिक र सांस्कृतिक नीतिको आधार विज्ञान र प्रविधिमा भएको प्रगति, मार्क्सवाद लेनिनवाद र जोसेमार्टीको सिद्धान्त तथा सार्वभौम एवं क्युवाली प्रगतिशील शैक्षिक परम्परालाई बनायो । शिक्षा राज्यको दायित्व हो, यो अनिवार्य र निःशुल्क हुन्छ, राज्यले विद्यार्थीहरूलाई व्यापक छात्रवृत्तिको व्यवस्था गर्दै मजदूरहरूलाई उच्चस्तरको ज्ञान, सीप हासिल गर्न चौतर्फी अवसर दिनुपर्छ भन्ने संवैधानिक व्यवस्था गरियो । वैज्ञानिक र प्राविधिक अनुसन्धान, समाजवादी मूल्यको विपरित नजानेगरी कला सिर्जनाको स्वतन्त्रता, शारीरिक शिक्षा, खेलकूद र सैनिक अभ्यास तथा नागरिकहरूको आन्तरिक विकास गर्ने शिक्षा नीतिको तय गरियो । सबै तहको शिक्षाको लागि विद्यालय अर्धआवासीय र पूर्ण आवासीय विद्यालयहरूको निःशुल्क व्यवस्था भयो । प्रौढ शिक्षा कार्यक्रम र साक्षरता अभियानलाई विशेष महत्त्वका साथ अघि बढाइयो । क्युवाको समाजवादी शिक्षाको अभियान चे ग्वेभाराको 'नयाँ मान्छे' निर्माणको सपना सहित अघि बढेको थियो । चे ग्वेभाराका अनुसार समाजवादी 'नयाँ मान्छे' निर्माण गर्नका निम्ति सम्पूर्ण समाज नै 'बृहत्त विद्यालय' बन्नु पर्दछ । समाजवादी मान्यता अनुरुप धर्म र धनीहरूको सेवा गर्ने निजी विद्यालयहरूलाई सरकारीकरण गरी सार्वजनिक शिक्षाको एकल अभियान अघि बढाइयो । निरक्षरता उन्मूलन गर्नको लागि लाखौं 'साक्षरता शिक्षक' र विदाको समयमा स्वयम्सेवी युवाहरूलाई परिचालन गरियो । 'कामदार किसान' साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो । क्युवाको साक्षरता कार्यक्रम संसारभरकै लागि अनुकरणीय मानिन्छ र यसलाई युनेस्कोले 'महान् लोकप्रीय साँस्कृतिक क्रान्ति' मानेको थियो । क्युवाको शिक्षा प्रणाली पढाइ, काम र सैनिक तालिमको एकीकृत स्वरूप हो । शिक्षालाई विद्यालय र विश्वविद्यालय तहबाटै उत्पादन कार्य र समाजसँग जोडियो । क्रान्तिका शुरु वर्ष देखि नै 'गाउँले शिक्षा' कार्यक्रम लागू गर्दै, शिक्षक र विद्यार्थीलाई कृषिसँग जोड्दै, 'कर्मथलो शिक्षा'मा जोड दिइयो । सोभियत समाजवादको पतन पछि क्युवा अप्ठेरो परिस्थितिबाट गुज्रिएको बेला आत्मनिर्भरताको लागि स्थानीय पाठ्यक्रमलाई जोड दिदै कृषि स्कूलहरू खोलिएका थिए । क्युवामा क्रान्ति लगत्तै प्राविधिक र व्यावसायिक शिक्षाका केन्द्रहरू खोलियो र समाजवाद निर्माणको निम्ति पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई दिइयो । सन् १९७० मा सक्षम र प्रतिबद्ध शिक्षकहरू उत्पादन गर्नको निम्ति शैक्षिक केन्द्रहरू स्थापना गरिएको थियो । शिक्षा विकासको नेतृत्व कर्मचारीतन्त्र र गैरसरकारी क्षेत्रले नभई राजनैतिक (कम्युनिष्ट) पार्टीले गर्नुपर्छ भन्ने मान्यता राखियो । अनुसन्धानलाई थप जोड दिदै शिक्षा प्रणालीलाई थप परिस्कृत बनाउँदै लागियो । क्युवाको मेडिसिन शिक्षा र डाक्टरहरू संसारभरमै उत्कृष्ट मानिन्छन् । क्युवाले कुल बजेटको २३ प्रतिशत शिक्षामा लगानी गरेको छ । क्युवामा माध्यमिक तहसम्मको आधारभूत शिक्षालाई अनिवार्य गरिएको छ तर विश्वविद्यालयमा भर्ना हुन कडा प्रवेश परीक्षाको सामना गर्नु पर्छ । विश्व विद्यालय शिक्षामा प्रवेश गर्न नपाउनेहरू व्यावसायिक र प्राविधिक शिक्षा तर्फ लाग्दछन् । क्युवामा विद्यार्थीहरूलाई सानै उमेरदेखि समाजवादी मूल्य, विचार, चरित्र र व्यवहारहरू सिकाउने काम गरिन्छ । प्राथमिक र माध्यमिक तहका पाठ्यक्रमहरू कडा परिश्रम, आत्म अनुशासन, राष्ट्रभक्ति जस्ता सिद्धान्तमा आधारित छन् । विद्यालयमा स्वतन्त्रता र अन्तर्राष्ट्रिय भाइचारा जस्ता मूल्यहरू सिकाइन्छन् । विद्यालयहरू दण्डरहित छन् र व्यवस्थापनमा अभिभावकको सहभागिता अनिवार्य छ । निष्कर्षमा भन्नु पर्दा यहाँको निःशुल्क शिक्षा, गुणस्तरीय प्राविधिक शिक्षामा उत्कृष्टता, पेशाप्रति सन्तुष्ट र समर्पित शिक्षक, प्रभावकारी अनुगमन प्रणाली तथा समाजवादी भविष्यको स्वर्णिम सपनाले क्युवाको शिक्षा प्रणालीलाई उत्कृष्ट तुल्याएको छ ।

**प्रजातान्त्रिक जनगणतन्त्र कोरिया :**

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको समाजवादी शिक्षा नीतिका मुख्य आर्किटेक्ट किम इल सुंग हुन् । मार्क्सवाद लेनिनवाद र जुछे विचारधाराको मार्गदर्शनमा कोरियाको शिक्षा प्रणालीले आकार लिएको छ । किम इल सुंगका अनुसार वर्गीय शिक्षा नै कम्युनिष्ट शिक्षाको मुख्य उद्देश्य हुनुपर्दछ । उहाँले भन्नुभएको छ, "एक कम्युनिष्टले प्रकृति र समाजको साथै साम्यवादी विचार बारे पनि ज्ञान राख्नु पर्दछ ।" कोरियामा समाजवादी व्यवस्थालाई अघि बढाउनका निम्ति तीन क्रान्तिहरूह विचारधारात्मक क्रान्ति, प्राविधिक क्रान्ति र साँस्कृतिक क्रान्तिलाई सँगसँगै लैजानुपर्छ भन्ने मान्यता स्थापित गरिएको छ । समाजवादी शिक्षाको आधारभूत सिद्धान्त भनेको मानिसलाई क्रान्तिकारी, कामदार र कम्युनिष्ट बनाउनु हो । समाजवादी शिक्षाले जनताको दिमागमा लामो समयदेखि रहिआएको पुरातन र पश्चगामी विचारका अवशेषहरूलाई पूर्णरूपमा निर्मूल गर्नु पर्दछ । समाजवादी शिक्षाले हरेक व्यक्तिको स्वस्थ शरीर र स्वस्थ मष्तिष्क निर्माण गर्नु पर्दछ ।साथै हरेक व्यक्तिमा प्रकृति, समाज र आधुनिक प्रविधिको गहन ज्ञानले भरिपूर्ण बनाउन सक्नुपर्छ समाजवादी शिक्षाले । शिक्षालाई क्रान्तिकारी व्यवहारसँग समन्वय गरिनुपर्दछ । राजनैतिक र विचारधारात्मक शिक्षा, वैज्ञानिक र प्राविधिक शिक्षा तथा शारीरिक शिक्षा नै कोरियाली समाजवादी शिक्षाका मुख्य विषयवस्तुहरू हुन् । अन्वेषणात्मक शिक्षण विधि, सैद्धान्तिक शिक्षाको उत्पादक श्रम र प्रयोगात्मक तालिमसँगको समन्वय, सामाजिक शिक्षा र विद्यालयको एकीकरण एवं पूर्व विद्यालय, विद्यालय र प्रौढ शिक्षाको निरन्तरता आदिले यहाँको समाजवादी शैक्षिकविधिको प्रतिनिधित्व गर्दछन् । बौद्धिकहरूलाई मजदूर बनाउने र मजदूरको बौद्धिकीकरण गर्नु यहाँको शिक्षाको मुख्य विशेषता हो । नारा नै छ, "पार्टी, जनता र सैनिकले अध्ययन गर्नै पर्दछ ।" समग्र राष्ट्रभरी नै कम्तीमा पनि दैनिक २ घण्टाको पठन संस्कृतिको विकास गरिएको छ ।

सर्वव्यापी अनिवार्य शिक्षा, सर्वव्यापी निःशुल्क शिक्षा, 'काम गर्दै पढ्दै' भन्ने पद्धति यहाँको शिक्षाका विशेषता हुन् । यहाँ ११ वर्षे अनिवार्य विद्यालय शिक्षा लागू छ । शारीरिक र मानसिक रूपमा असक्तहरूका निम्ति आवासीय सुविधा सहित विशेष विद्यालयहरूको व्यवस्था छ । विद्यालय शिक्षालाई प्राथमिक र माध्यमिक गरी दुई भागमा बाँडिएको छ । २ वर्षे किन्डर गार्डेन, ४ वर्षे प्राथमिक विद्यालय र ६ वर्षे माध्यमिक विद्यालयको व्यवस्था गरिएको छ । विश्वविद्यालयमा भर्ना हुनको निम्ति अनिवार्य शैक्षिक सेवा गरेको हुनु पर्ने तथा कामको अनुभव भएको सिफारिस पत्रसमेत अनिवार्य गरिएको छ । यहाँ बच्चाहरूको क्रियाकलापको आधारमा उनीहरूको रूचि र अन्तर्निहित क्षमता पत्ता लगाई सोही आधारमा व्यावसायिक र माथिल्लो शिक्षा प्रदान गर्ने नीति लिइएको छ । शिक्षामा निजीकरण पूर्णतः बन्द गरिएको छ । शिक्षा प्रणालीमा बहुप्राविधिक शिक्षाका सिद्धान्तहरू प्रयोग गरिएको छ, श्रम अनिवार्य र सम्मानित छ । अध्ययनको क्रान्तिकारी संस्कृति विकास गर्दै युवा पुस्तालाई समाजवाद निर्माणको उद्देश्यसहित प्रशिक्षित गर्नु, सर्वहारा अन्तर्राष्ट्रिवादी भावनाको विकास गर्नु, काम र अध्ययनलाई सँगसँगै लैजानु, कम्तीमा पनि एउटा विदेशी भाषामा विशेषज्ञता हासिल गराउनु, आफ्नो विशिष्टताको क्षेत्रमा पूर्ण ज्ञान हासिल गराउनु र समाजवादी मूल्यमान्यता सहितको पूर्ण नागरिक तयार गर्नु प्र.ज.ग. कोरियाली शिक्षाको मुख्य उद्देश्य हो । शिक्षकको मुख्य दायित्व भनेको विद्यार्थीलाई विद्यालयमा राम्ररी पढाउनु हो । विद्यालय बाहिरका सामाजिक र अतिरिक्त क्रियाकलापमा निर्देशित गर्नु पनि शिक्षकको मुख्य काम भित्र पर्दछ । समाजवादी क्रान्तिकारी गुण नभएका शिक्षकहरूले समाजवादी चेतनाका विद्यार्थीहरू उत्पादन गर्न सक्दैनन् तसर्थ हरेक शिक्षकहरूले आफुलाई समाजवादी मूल्यमान्यतामा पोख्त बनाउनु पर्छ भन्ने मान्यता पनि यहाँ स्थापित छ । समग्रमा भन्दा समाजवादी चेतनाले युक्तह प्राविधिक रूपमा दक्ष, शारीरिक रूपमा स्वस्थ र नैतिकवान नागरिकहरू प्रशिक्षित गर्दै सम्पूर्ण कोरियाली समाजलाई बुद्धिजीवी बनाउँदै समृद्ध समाजवादी राष्ट्र निर्माण गर्ने ध्येयका साथ यहाँको शिक्षा नीति अघि बढेको छ ।

***(लेखक जनता माविका निवर्तमान प्रधानाध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रेम र मित्रताको बन्धन कसिनुका साथै वाहन लाभ हुने समय छ । | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **वृष** : काममा बाधा हुनेछ । आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुनेछैन । | **वृश्चिक** : शुभ चिन्तकहरूले पूर्ण समर्थन गर्नेछन् । मनमा उत्साहका बढ्ने छ । |
| **मिथुन** : स्वादिष्ट भोजन पाइनेछ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । | **धनु** : प्रेममा मधुरता छाउनेछ । आत्मबल पनि बढ्नेछ । |
| **कर्कट** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ कामको थालनी हुनेछ । | **मकर** : कीर्तिमानी काम गर्ने समय छ । बोलीले कार्य सिद्ध हुनसक्छ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** : कार्यमा बाधा आउनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । |
| **कन्या** : कार्यमा समस्या आउला, तर आत्मबल बढाएर काम गरेमा सफल भइनेछ । | **मीन** : प्रेममा सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |




# बाह्र वर्षपछि संस्कृत विश्वविद्यालयको दीक्षान्त समारोह हुँदै




बाह्र वर्षपछि नेपाल संस्कृत विश्वविद्यालयको दीक्षान्त समारोह हुन लागेको छ । विसं २०६८ मा विश्वविद्यालयको समारोह भएको थियो । त्यसपछि दीक्षान्त समारोह हुन सकेको थिएन । प्रत्येक वर्ष हुनुपर्ने दीक्षान्त समारोह हुन सकेको छैन । यसपटक प्रधानमन्त्री तथा कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' ले अनुमति दिएपछि दीक्षान्त समारोह हुन लागेको विश्वविद्यालयका शिक्षाध्यक्ष भीमप्रसाद खतिवडाले बताए । "विश्वविद्यालयको दीक्षान्त समारोह प्रत्येक वर्ष हुनुपर्ने हो", उनले भने, "तर, कुलपतिले अनुमति नदिँदा लामो समयदेखि दीक्षान्त समारोह हुन सकेका थिएन, यस पटक कुलपतिले अनुमति दिएपछि समारोह गर्न लागेका छौँ ।"

विश्वविद्यालयको केन्द्रीय कार्यालय बेलझुण्डीमै उक्त समारोह हुन लागेको हो । यो पाँचौँ दीक्षान्त समारोह रहेको उनले बताए । यसअघि विसं २०६८ मा पनि १० वर्षपछि मात्रै दीक्षान्त समारोह भएको हो । विसं २०५७ पछि २०६८ मा मात्रै दीक्षान्त समारोह भएको थियो । यसपटक ३१ जेठमा दीक्षान्त समारोह हुन लागेको र सोही कार्यक्रममा प्रधानमन्त्री तथा कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी हुने कार्यक्रम छ । दीक्षान्त समारोहमा नहुँदा 'ग्रयाजुएट' विद्यार्थीले मूल प्रमाणपत्र पाउन सकेका छैनन् । यसपटक विसं २०७७ सम्म १० वटा शैक्षिक शत्रमा विश्वविद्यालयबाट विद्यावारिधी, आचार्य, शास्त्री, एक वर्षे शिक्षा शास्त्री र विएएमएस उत्तीर्ण गरेका चार हजार सात सय ७३ विद्यार्थीलाई कुलपतिले मूल प्रमाणपत्र प्रदान गर्ने कार्यक्रम छ । त्यसमा पनि विश्वविद्यालय टपरमध्ये स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्नेलाई मञ्चमै बोलाइन्छ भने अन्य 'ग्रयाजुएट' लाई 'फलोर' मा राखिन्छ । त्यसपछि प्रधानमन्त्री तथा कुलपतिले दीक्षामन्त्र ग्रहणसमेत गराउनेछन् भने प्रमाणपत्र पनि प्रदान गर्ने कार्यक्रम रहेको उपप्रशासक विनयकुमार पोखरेलले बताए । त्यो प्रमाणपत्रले विश्व विद्यालयबाट दीक्षित भएको भनी अन्तर्राष्ट्रिय मान्यता पाउन सहज हुने उनको भनाइ छ । यस वर्ष लामो समयपछि दीक्षान्त समारोह गरिएको भए पनि अब भने नियमित गर्ने गरी तयारी गरेको उपप्रशासक पोखरेलले बताए । "प्रत्येक वर्ष गर्नुपर्ने दीक्षान्त समारोह लामो समयपछि हुन लागेको छ", उनले भने, "यसपछि भने हामी नियमित प्रत्येक वर्ष समारोह गर्ने गरी प्रणालीको विकास गर्न लागेका छौँ ।" विश्वविद्यालय अब 'सिस्टम' मा चल्ने भन्दै अब प्रत्येक वर्ष यो समारोह आयोजना गर्ने तयारी गरिएको उनको भनाइ छ । प्रधानमन्त्री तथा कुलपति आउने भएपछि तयारीलाई तीव्र पारिएको छ । विश्वविद्यालयको प्राङ्गणमा उक्त कार्यक्रम हुने भएकाले त्यहाँ सडक कालोपत्रे गर्न लागिएको उपप्रशासक पोखरेलले बताए । त्यसका लागि लुम्बिनी प्रदेश आर्थिक मामिला मन्त्रालयबाट रु १० लाख बजेट आएको उनले बताए । त्यही बजेटबाट त्यहाँ कालोपत्रे गर्ने काम अघि बढेको छ । विश्वविद्यालयमा ७७ वटै जिल्लाका विद्यार्थी अध्ययन गरिरहेका छन् । *-रासस*

# विद्यालयमा पढाइसँगै सीप



म्याग्दीको बेनी नगरपालिकाका विद्यार्थीलाई पढाइसँगै सीप सिकाउन थालिएको छ । नगरपालिकाको 'हामी सक्छौँ, हामी गर्छौँ' कार्यक्रममार्फत माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन थालिएको हो ।

नगर प्रमुख सुरत केसीले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । "माध्यमिक तहको शिक्षा हासिल गरेका विद्यार्थीले आफ्नो रुचिअनुसारको व्यवसाय गरी आयआर्जन र आफ्नो घर, टोल छिमेकमा आवश्यक पर्ने काम गर्नसक्ने बनाउने लक्ष्य छ," उनले भने "यसपाली वडाको एउटा माध्यमिक विद्यालयमा सञ्चालन गरिएको कार्यक्रम आगामी वर्ष सबै विद्यालयमा लागू गर्ने तयारीमा छौँ ।" हाउस वायरिङ, प्लम्बिङ, कपाल काट्ने, अतिथि सत्कार, खाना पकाउने, प्रेसर कुकर बनाउने लगायतका सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १० वटा वडाका लागि चालु आर्थिक वर्षमा रु एक/एक लाखका दरले रु दश लाख विनियोजन गरेको छ । वडा नं ९ मा रहेको राष्ट्रिय र गलेश्वर माविका विद्यार्थीहलाई हाउस वाइरिङसम्बन्धी तालिम दिइएको छ । वडा नं १ रत्नेचौरको भानु र अर्जमको रामचन्द्र माविका विद्यार्थीका लागि पनि हाउस वायरिङ तालिम सञ्चालन भइरहेको नगरपालिकाका- शिक्षा अधिकृत कमलप्रसाद ढकालले बताए । कक्षा ८ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरेर सीपमूलक तालिम सञ्चालन गरिएको हो । बिहानबेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ ।

वडा नं ४ को धवलागिरि र सरस्वती माविले हाउस किपिङ अतिथि सत्कार), वडा नं ७ को बेनी सामुदायिक र प्रकाश माविले कपाल काट्ने तालिम सञ्चालन गर्ने तयारी गरेका छन् । वडा नं ६ अथुङ्गेको जामुनाखर्क मावि, वडा नं -१० पात्लेखेतको दीपक माविमा हाउस वायरिङ तालिम सञ्चालन गर्ने तयारी भएको छ ।

बेनी नगरपालिकाको १५ सामुदायिक विद्यालयका दुई हजार जना भन्दा बढी विद्यार्थी सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको छ । अहिले प्रारम्भिक चरणको सीप सिकेका विद्यार्थीलाई आगामी वर्ष क्षमता विकास गरिने नगरपालिकाले जनाएको छ । दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गरेर रोजगारी सिर्जना, स्वरोजगार बन्ने वातावरण बनाउने कार्यक्रम सहयोगी बन्ने नगर उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । म्याग्दीमा प्लम्बिङ, वायरिङ, कपाल काट्ने काम गर्ने स्थानीय जनशक्तिको अभाव छ । *-रासस*

# उच्च शिक्षाको बाहना

**सीके लाल**

'सरकारले सामाजिक सांस्कृतिक सम्भ्रान्त वर्गका बालबालिकालाई अमेरिकी वा युरोपेली विश्वविद्यालयमा जानबाट रोक्न सक्दैन ।' केही समयअघि भक्तपुरको एक माध्यमिक विद्यालयका विद्यार्थीले एकअर्काको सर्टको पछाडि बिदाइ नोट लेखेका थिए । नेपालीमा लेखिएको, त्यस्ता सन्देशहरूको सामग्री मार्मिक र निराशा जगाउने थियो । व्यापक रूपमा प्रसारित फोटोमा, एक विद्यार्थीले आफ्नो पोशाकको पछाडि कथा लेखेका थिए, 'तपाईंको कोरिया यात्रा सफल होस्' । अर्को स्क्रिबल अलि बढी इच्छापूर्ण थियो, 'हामी जापानमा भेट्नेछौं' । सम्भावित आप्रवासीहरूले जापान र दक्षिण कोरियालाई बढी मनपर्ने गन्तव्य मान्छन् । पीडा तेस्रो स्कोलमा स्पष्ट थियो : 'हामी खाडीमा भेट्नेछौं' । यसरी उल्लेख गरिएको क्षेत्र फोरडी श्रेणीको फोहोर, अप्ठ्यारो, खतरनाक र घृणित कामको गन्तव्य हो जसलाई मध्यमवर्गीय नेपालीहरूले परम्परागत रूपमा घृणाले हेर्छन् । नेपालमा धेरैजसो स्कुल स्नातकहरूको आकांक्षा कुर्सीको काम हो जहाँ एक परिचारकले बारम्बार अन्तरालहरूमा गिलास टम्बलरमा चिया सेवा गर्दछ । किशोरावस्थामा मात्रै विद्यार्थीको निराशा देखाउनुका साथै खुट्टाले भोट हाल्नु भनेको विरोध दर्ता गर्ने उपयुक्त माध्यम बनेको छ भन्ने पनि तस्वीरले प्रमाणित गर्छ । विगतका युवालाई परिभाषित गर्ने विद्रोहलाई प्रणालीबाट बाहिरिने इच्छाले प्रतिस्थापन गरेको देखिन्छ । बिदाइ स्कोलको रिपोर्ट गरिएको केटाहरू सायद अपेक्षाकृत सुरक्षित सामाजिक-आर्थिक पृष्ठभूमिबाट आएका थिए । आखिर, देशका हरेक युवाले माध्यमिक विद्यालय पूरा गर्ने मौका पाउँदैनन् । भर्खरै सार्वजनिक भएको जनगणनाको तथ्यांकअनुसार मधेस प्रदेशका आठ जिल्लामध्ये चार जिल्लाको साक्षरता स्तर करिब ६० प्रतिशत मात्र छ, जुन राष्ट्रिय औसत ७६.३ प्रतिशत भन्दा निकै कम हो । आजकल स्कुलको वर्दी सामान्यतया युनिसेक्स लगाइन्छ र मध्यम वर्गका बचचाहरूले पनि आफ्ना ठूला भाइबहिनीहरूको सर्ट साझा गर्न असामान्य छैन । कोरिया, जापान वा जिसिसी शेखडोममा जान चाहने केटासँग उनीहरूको सम्झना भण्डारण गर्न भरपर्दो ठाउँ हुन सक्छ । आफ्ना आमाबाबुको अस्थायी आश्रयमा बस्नेहरूका लागि त्यो विशेषाधिकार उपलब्ध छैन । गरिबहरूका लागि, उत्तर कोरिया र सोमालियाबीचको सबैभन्दा खराब पासपोर्टमध्ये एक प्राप्त गर्नु महँगो र झन्झटले भरिएको छ । भिसा, ट्राभल र कामको खोजीमा म्यानपावर एजेन्सीहरूको चर्को शुल्कले थप खर्च गर्नुपर्ने हुन्छ । नेपालले आफ्नो जनसांख्यिकीय लाभांश चाँडो गुमाउँदैछ भन्ने संकेतको अतिरिक्त, माध्यमिक विद्यालयका स्नातकबीचको बिदाइ आदानप्रदानको दोस्रो सबैभन्दा महत्वपूर्ण अर्थ विश्वविद्यालय शिक्षाका योजनाकारहरूले आफ्नो भविष्यको रणनीतिमा पुनर्विचार गर्न आवश्यक छ ।

*विगतका युवालाई परिभाषित गर्ने विद्रोहलाई प्रणालीबाट बाहिरिने इच्छाले प्रतिस्थापन गरेको देखिन्छ । बिदाइ स्क्रोलको रिपोर्ट गरिएको केटाहरू सायद अपेक्षाकृत सुरक्षित सामाजिक-आर्थिक पृष्ठभूमिबाट आएका थिए । आखिर, देशका हरेक युवाले माध्यमिक विद्यालय पूरा गर्ने मौका पाउँदैनन् । भर्खरै सार्वजनिक भएको जनगणनाको तथ्यांकअनुसार मधेस प्रदेशका आठ जिल्लामध्ये चार जिल्लाको साक्षरता स्तर करिब ६० प्रतिशत मात्र छ, जुन राष्ट्रिय औसत ७६.३ प्रतिशत भन्दा निकै कम हो ।*

**घट्दो वाञ्छनीयता :**

सन् १९८० को दशकसम्म प्रतिव्यक्ति जिडिपी १८० डलरको हाराहारीमा रहेकोले नेपालमा शताब्दीयौंदेखि सामाजिक-आर्थिक स्थिरता स्थानीय रूपमा छ । कृषकहरू मनसुनको अनियमिततामा निर्भर बाली उब्जाएर निर्वाहमुखी पेसामा अलपत्र परेका छन् । धेरैजसो व्यापारीहरूले दैनिक आवश्यकताहरू लिएर काम गर्थे र नयाँ उद्यमहरूमा लगानी गर्नको लागि सीमित बचत थियो । राजनीतिक अभिजात वर्गमा मुख्यतया शाही परिवार र यसका साथी थिए जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै वित्तीय लिभरहरूलाई नियन्त्रण गर्थे । उच्च शिक्षामा पहुँच सबैको लागि सीमित माथिल्लो गतिशीलताको एक मात्र सिँढी थियो । १९७० पछि, क्षेत्रीय शहरमा त्रिभुवन विश्वविद्यालयको क्याम्पसहरूले ग्रामीण जग्गाधनीका उत्कृष्ट र उज्यालोलाई आकर्षित गर्न थाले । भारतीय डिग्रीले विद्यार्थीलाई भाषिक, सांस्कृतिक र शैक्षिक समस्यामा परेकाले धेरै अभिभावकले आफ्ना छोराछोरीलाई उच्च शिक्षाका लागि टाढाको राजधानी शहर पठाउन ठूलो कठिनाइ भोग्नुपरेको थियो । बाहुन-क्षेत्री-नेवार (बिसिएन) क्लस्टरको संरक्षणमा कर्मचारीतन्त्र नै आज पनि कम छ । तर, त्यतिबेला, ग्रामीण इलाकामा विद्यालयहरूको द्रुत विस्तारले ठूलो संख्यामा शिक्षकको आवश्यकता थियो । एक विश्वविद्यालय स्नातक सार्वजनिक शिक्षा प्रणालीमा नियुक्ति पाउन लगभग निश्चित थियो ।

बजार उन्मुख सुधारमार्फत 'बृहत् आर्थिक सन्तुलन हासिल गर्न र दिगो आधारमा जिडिपी वृद्धि दर बढाउन' स्पष्ट रूपमा १९८० को दशकको मध्यमा नेपालले संरचनात्मक समायोजन कार्यक्रममा हस्ताक्षर गरेपछि स्थिति अचानक परिवर्तन भयो । विद्यालय, अस्पताल र बैंकहरू नाफाको क्षेत्रमा खुला गरियो । १९९० को प्रारम्भमा, एक त डिग्री लगभग अनावश्यक भइसकेको थियो : सार्वजनिक क्षेत्रको प्रस्तावमा केही थिएन र लाभ क्षेत्रले औपचारिक योग्यताको सट्टा सीपहरूमा प्रिमियम राख्यो । प्रारम्भिक १९९० पछि उच्च शिक्षाको अवस्थालाई विलाप गर्ने आलोचकहरूले प्राय: शैक्षिकस्तरमा गिरावटको कारणको सट्टा राजनीतीकरणको परिणाम हुनसक्छ भन्ने सम्भावनालाई बेवास्ता गर्छन् । शास्त्रीय दृष्टिकोणले उच्च शिक्षाको उद्देश्य व्यक्तिको 'बौद्धिक शक्तिलाई बलियो, परिष्कृत र समृद्ध बनाउने' दिमागको खेती हो भनी मान्दछ । यस्तो व्यक्तिले बजारका लागि कम उपयोगी छ जसले हेरफेर मार्केटरहरू र विवेकहीन उपभोक्ताहरूमा प्रिमियम राख्छ । विश्वविद्यालय भर्ना राम्रो अवसरको लागि पर्खने र हतार गर्ने उपकरण मात्र बन्यो । ऐतिहासिक रूपमा, उच्च शिक्षाका धेरै संस्था बौद्ध भिक्षुहरू, इसाई पादरीहरू, मुस्लिम मौलवीहरू र हिन्दू पण्डितहरूका लागि प्रशिक्षण केन्द्रका रूपमा सुरु भए जसले खगोल विज्ञान, कृषि, स्वास्थ्य सेवा, पुस्तक पालन र मानव मनोविज्ञान जस्ता उपयोगी सीपहरू पनि सिकाउँछन्, सामान्य शास्त्र र क्लासिक्स पनि । विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित, चिकित्सा, व्यवस्थापन स्ट्रिमहरू बाहेक, डिग्रीको उपयोगितावादी मूल्य १९९० को दशकको मध्यमा अवसर लागतको सन्दर्भमा लगभग दायित्व बनिसकेको थियो । दुर्भाग्यवश, सरकारी योजनाकारहरूले देशभरि टियुको क्लोनहरू सिर्जना गर्न लाग्दा पनि कीर्तिपुरले यसका टाढाका क्याम्पसहरूमा आफ्नो नियन्त्रण कायम राखे पनि त्यस्तै गर्ने निर्णय गरे । केही डरलाग्दो महँगो 'बोन्साई स्कुलहरू' बाट आरामदायी वर्गका सन्तानलाई सेवा दिने ट्युटीहरूका लागि फुल-बेड विश्वविद्यालयको रूपमा परिकल्पना भए पनि, काठमाडौं विश्वविद्यालय पनि चाँडै केन्द्र बन्नुको सट्टा मान्यताको संस्थामा परिणत भयो ज्ञान उत्पादन, आदानप्रदान, प्रसार र भण्डारणमा उत्कृष्टताको । उच्च शिक्षाको नाममा चालु आर्थिक वर्षको सात महिनामा ४४ अर्ब रुपैयाँभन्दा बढीको विदेशी मुद्रा देशबाहिर गइसकेको नेपाली सञ्चारमाध्यममा छाती पिट्दा रूखका लागि वन नै छुटेको देखिन्छ । विकसित हुँदै गइरहेको ज्ञान अर्थतन्त्रमा नेपालजस्ता परिधीय देशहरूमा विश्वविद्यालयका विद्यार्थीलाई आकर्षित गर्ने, तालिम दिन, राख्ने सामग्री र जनशक्तिको अभाव छ ।

**गतिशील केन्द्रहरू :**

मानविकीमा शिक्षाको माध्यमबाट ज्ञानको आनन्दको खोजी र विश्वव्यापी जीवनशैलीको खोजी सामाजिक सांस्कृतिक सम्भ्रान्त वर्गको खेल मैदान बनिरहनेछ भन्ने स्वीकार गर्नुपर्छ । सरकारले आफ्ना बालबालिकालाई अमेरिकी वा युरोपेली विश्वविद्यालयमा जानबाट रोक्न सक्दैन । उनीहरूलाई छोटो अवधिका लागि नेपाल फर्काउने एउटै उपाय दोहोरो राहदानीलाई वैधानिकता दिने र राजनीतिक विवाद निम्त्याउने हो ! अष्ट्रेलिया, जापान र क्यानडा जाने अधिकांश 'विद्यार्थी' सिक्ने, कमाउन सुरु गर्ने र त्यसपछि आयोजक देशमा लाभदायक रूपमा रोजगारी रहने आशा गर्छन् । तिनीहरूको रेमिट्यान्स कम देखिन्छ किनभने यो धेरै अनौपचारिक नेटवर्कमार्फत च्यानल गरिएको छ । रेमिट्यान्समा आश्रित मुलुकमा डिग्री हासिल गर्नु धेरै हदसम्म शोभाको विषय भएकाले सरकारले त्रिविको केन्द्रीय क्याम्पस र कीर्तिपुरस्थित अनुसन्धान संस्थाबाहेक सबै उच्च शिक्षाका संस्थालाई प्रादेशिक सरकारलाई हस्तान्तरण गर्न सक्छ । तिनीहरूले बारीमा पुन:प्राप्त गर्न सक्छन्-शारीरिक र शैक्षिक रूपमा-तिनीहरूमध्ये ठूला स्वतन्त्र विश्वविद्यालयको रूपमा । सायद साना विश्वविद्यालयहरूको तालिमको प्रस्तावले विद्यार्थीलाई जीवन, प्रयोगशाला, पुस्तकालय र व्याख्यानबाट सिकाइको संश्लेषण गर्न उत्प्रेरित गरेको हुनसक्छ । यसले उनीहरूलाई कृत्रिम बुद्धिमत्ताको युगको सुरुवातसँगै क्रिस्टलाइज गर्न बाँकी समस्याका लागि तयार पार्नेछ । विदेशमा हुने पलायन चाँडै रोकिने सम्भावना छैन ।

*-इहिमालय टाइम्स डटकम*

# स्वास्थ्यकर्मीलाई अभिमुखीकरण



**रामपुर,** जेठ २८/जिल्लाको रामपुरमा स्वास्थ्यकर्मीका लागि अभिमुखीकरण कार्यक्रम गरिएको छ । रामपुर नगर सरकारले नगरभित्र सञ्चालित क्लिनिक तथा पारामेडिक्सका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुका लागि एन्टिबायोटिक प्रिस्क्रिपसन तथा स्वास्थ्य सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम गरेको हो ।

नगरभित्र सञ्चालित स्वास्थ्य संस्था र स्वाथ्य शाखाका स्वास्थ्यकर्मीहरुका लागि एन्टिबायोटिकको प्रयोग र अन्य विभिन्न स्वास्थ्य सम्बन्धी जानकारी गराइएको छ । कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले स्वस्थ नागरिक र स्वस्थ नगर निर्माणका लागि नगरपालिकाले शिक्षा र स्वास्थ्यको क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताइन् । उनले नगरपालिका भित्र रहेका अस्पताल मार्फत सहज र प्रभावकारी सेवा प्रदान गर्ने कुरामा नगर सरकार प्रतिवद्ध रहेको धारणा व्यक्त गरिन् । लुम्बिनी मेडिकल कलेज प्रभासका नसा तथा मनरोग विशेषज्ञ डाक्टर राजेश श्रेष्ठले नगर भित्रै गुणस्तरीय विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य सेवा आजको आवश्यकता रहेको उल्लेख गरे । उनले भने 'यस्तो सेवाका लागि सबै सरकारी र निजी क्षेत्र र सरोकारवाला सबैको ध्यान जानुपर्छ ।' रामपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन डाक्टर विजय परियारले अस्पतालमा विशेषज्ञ सहितको सेवा सञ्चालन गर्नका लागि पहल भईरहेको भन्दै सरकारी मात्र नभई निजी स्वास्थ्य संस्थाले पनि जनताको विश्वास जितेर सेवा प्रदान गर्नुपर्ने बताए । गाँडाकोट स्वास्थ्य चौकीका प्रमुख मजिबुर रहमान शेख, पूर्वी पाल्पा औषधी व्यवसायी संघका अध्यक्ष निरज श्रेष्ठ लगायतले नगरवासीको स्वास्थ्य कस्तो बनाउने भन्ने विषय निजी र सरकारी स्वास्थ्य संस्थाहरुको हातमा रहेको उल्लेख गरे । कार्यक्रममा नसा तथा मनरोग विशेषज्ञ डाक्टर राजेश श्रेष्ठ, रामपुर अस्पतालका मेसु डाक्टर विजय परियार, डाक्टर शंकर श्रेष्ठ, डाक्टर प्रतिक्षा श्रेष्ठले एन्टिबायोटिकको प्रयोग, यसको दीर्घकालिन असर बिरामीलाई बुझाउनुपर्ने कुराका विषयमा जानकारी गराएका थिए । नगरपालिका सामाजिक विकास समितिका संयोजक सिमादेवि थापाको अध्यक्षता, स्वास्थ्य शाखा प्रमुख गिरीराज घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# एकल लोकगीत प्रतियोगिता : पाल्पा अडिसनबाट करिश्मा र सन्तोष छनोट



**पाल्पा,** जेठ २८/पाल्पामा सञ्चालित एकल लोकगीत प्रतियोगिताको फाइनल अडिसनबाट दुई जना प्रतियोगी छनोट भएका छन् । लुम्बिनी प्रदेशस्तरी एकल लोकगीत प्रतियोगिताको फाइनल अडिसनबाट करिश्मा मगर र सन्तोष पृथी छनोट भएका हुन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाले प्रदेशमा हुने प्रतियोगीताका लागि सञ्चालन गरेको अडिसनमा भाग लिएका १७ जना प्रतियोगीहरबाट मगर र पृथी छनोट भएको प्रतिष्ठानका जिल्ला अध्यक्ष कमल भट्टराईले जानकारी दिए । खुला डिजिटल अडिसनको पहिलो चरणबाट १० प्रतियोगी छनोट भएका थिए । ति मध्ये दुई जनालाई प्रदेश प्रतियोगिताका लागि छनोट गरिएको अध्यक्ष भट्टराईले बताए । असार ७ गते प्रदेशस्तरीय प्रतियोगिता हुँदैछ । जिल्लाबाट छनोट भएका दुई जना प्रतियोगीहरुले प्रदेशस्तरी प्रतियोगितामा भाग लिने प्रतिष्ठान लुम्बिनी प्रदेशकी सचिव रेखा विष्टले बताइन् । लोक संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले प्रतिष्ठान लुम्बिनी प्रदेशको आयोजना र सम्पूर्ण जिल्ला शाखाहरुको सह-आयोजनामा प्रतियोगिता हुन लागेको सचिव विष्टले बताइन् । उनका अनुसार प्रतियोगितामा प्रथम हुनेले नगद ५१ हजार १ सय ११, दोस्रो हुनेले ३१ हजार १ सय ११ र तेस्रो हुने २१ हजार १ सय ११ सहित मेडल र प्रमाण पत्र पाउने छन् ।


हार्दिक श्रद्धाञ्जली







स्व. कृष्ण बहादुर केसी
जन्म: २०२२-१२-१४

स्व. यम प्रसाद भुर्तेल
जन्म: २०२३-०५-१८

स्व. भानु पौडेल
जन्म: २०४७-०३-२३

२०८० जेष्ठ १२ गते कार्यालयको कामले सोटाङ जाने क्रममा सिन्धुलीको गोलान्जोर गाउँपालिका - ७, लौकुल स्थित सुनकोशी नदीमा सवारी दुर्घटनामा परी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रशासन महाशाखा निर्देशक कृष्ण बहादुर के सी, विती निर्माण तथा योजना महाशाखाका निर्देशक यम प्रसाद भुर्तेल तथा स्तर निर्धारण महाशाखाका प्राविधिक अधिकृत ई. भानु पौडेलको असामयिक निधनको खबरले हामी स्तब्ध भएका छौं, यस हृदयविदारक घटनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका साथै यस स्कूललाई नै अपुरणीय क्षती पुगेको छ, यस शोकको घडीमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना गर्दै, शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

तानसेन स्कूल अफ हेल्थ साईन्स परिवार
तानसेन, पाल्पा


# चण्डी सामुदायिक पुस्तकालयको अध्यक्षमा पुन: न्यौपाने




**तानसेन,** जेठ २८/तानसेन नगरपालिका -१ मा रहेको चण्डी सामुदायिक पुस्तकालयको अध्यक्षमा पुन:सूर्यप्रसाद न्यौपाने चयन भएका छन् । पुस्तकालयको दोस्रो साधारणसभा तथा प्रथम अधिवेनले न्यौपानेलाई अध्यक्षमा चयन गरेको हो ।

जसको उपाध्यक्षमा मीना अर्याल ढुंगाना, सचिवमा धातानन्द शर्मा गैरे, कोषाध्यक्ष बद्रिनाथ शर्मा, सह-सचिवमा बिर्जु खाती भण्डारी चयन भएको भूसलडाँडा टोलविकास संस्थाका अध्यक्ष जयराम सापकोटाले जानकारी दिए । उनका अनुसार सदस्यमा भिमलाल बस्याल, गोविन्द नेपाल, स्वेता पछाई, गीता खड्का, विष्णुप्रसाद गौतम र राम प्रकाश पंगेनी रहेका छन् । अधिवेशनको वडाध्यक्ष सुनिल बस्यालले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले सामाजिक रुपान्तरणका लागि पुस्तकालय एउटा ज्ञानको भण्डार भएकाले यसको प्रचार-प्रसार हुनुपर्ने बताए । अध्यक्ष बस्यालले पुस्तकालयको संस्थागत विकासमा वडा कार्यालयले आवश्यक सहयोग गर्ने समेत प्रतिवद्धता व्यक्त गरे । पद्म पब्लिक माविका पूर्व प्रधानाध्यापक गोविन्दप्रसाद नेपालले पुस्तकालय युवाहरुले ज्ञान लिने स्थान र जेष्ठ नागरिकहरुको भुल्ने ठाउँ बन्न सकोस् भन्ने शुभेच्छा प्रकट गरे । कार्यक्रममा वडास्तरीय टोल समन्वय समितिका सचिव जयराम सापकोटा, युनाईटेड मिसन अस्पताल प्रशासनका प्रवन्धक गणेश घिमिरे, मिना ढुंगाना, जेष्ठ नागरिक पदमनाथ गौतम, कार्यपालिका सदस्य लक्ष्मी नेपाल लगायतले पुस्तकालयको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा पुस्तकालय संस्थापक अध्यक्ष सुर्यप्रसाद न्यौपानेले संस्थाको तीन वर्षे कार्यकालको प्रगति प्रतिवेदन पेस गरे भने कोषाध्यक्ष बद्रिप्रसाद गौतमले आर्थिक प्रतिवेदन पेस गरेका थिए । संस्थाकी उपाध्यक्ष डिला खातीको स्वागत, संस्थापक सदस्य भिमलाल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

नि:सुल्क !! नि:सुल्क !! नि:सुल्क !! नि:सुल्क !!
कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम अन्तर्गत
प्रोफेसनल आल्मोनियम फ़ेब्रिकेटर तह-२

इन्स्योर परियोजनाको आर्थिक सहयोगमा तानसेन नगरपालिकाको. नियमित कार्यक्रम अन्तर्गत प्रोफेसनल आल्मोनियम फ़ेब्रिकेटर १६९६ घण्टा को नि:सुल्क तालिम यसै कलेज अफ एलाइड टेक्निकल साइन्स प्रा लि तानसेन पाल्पामा संचालन हुनगइ रहेको हुदा , इच्छुक तानसेन नगरपालिकाको स्थाई बासिन्दा वा बिगत २ वर्ष देखिन नगर भित्र बसोबास गरेका नेपाली नागरिकबाट पासपोर्ट साइजको २ प्रति फोटो र नेपाली नागरिकताको १ प्रति फोटोकपी सहित दरखास्त आहवान गरिन्छ





तालिम सुरु हुने मिति - ३२ जेष्ठ २०८० सिट संख्या - 20
फारम भर्ने अन्तिम मिति - ३० जेष्ठ २०८०
फारम भर्ने स्थान -
COLLAGE OF ALLIED TECHNICAL SCIENCES PVT.LTD
(CATS) , TAKSAR TOLE TANSEN- 3 PALPA
थप जानकारी को लागि सम्पर्क
075590890,9847495024,9800763902,9844757259,


# शिक्षकलाई उत्प्रेरणामूलक कार्यशाला



**रामपुर,** जेठ २८/जिल्लाको रामपुर नगरपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुका लागि उत्प्रेरणामूलक कार्यशाला सञ्चालन गरेको छ । नगरको शिक्षा शाखाले नगरका भित्रका प्राथमिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुका लागि एक दिने उत्प्रेरणात्मक कार्यशाला सञ्चालन गरेको हो ।

शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुको साथै परम्परागत शिक्षा प्रणालीलाई आधुनिक बनाउने उद्देश्यले प्रावि तहका शिक्षकहरुलाई प्रशिक्षण दिइएको छ । नगरको शैक्षिक क्षेत्रलाई कस्तो बनाउने भन्ने विषय विद्यायका शिक्षकहरुमा निर्भर हुने भएकाले उनीहरुलाई आवश्यक प्रशिक्षण दिइएको नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले कक्षाको शिक्षा र सैद्धान्तिक शिक्षा भन्दा व्यवहारिक शिक्षा आजको आवश्यकता रहेको उल्लेख गर्दै त्यसतर्फ जोड दिन शिक्षकहरुलाई आग्रह गरे । नगर प्रमुख थापाले भने 'विद्यालयमा प्रदान गरिने शिक्षामा सैद्धान्तिक सहित व्यवहारिक शिक्षा हुन जरुरी छ ।' उनले विद्यालयमा अध्यापन गराँउदा हरेक शिक्षकले विद्यार्थीको चहानालाई बुझेर अध्यापन गराउनु पर्नेमा जोड दिए ।

नगर शिक्षा अधिकृत विकल काफ्लेले विद्यालय शिक्षणलाई प्रभावकारी बनाउन शिक्षण विधिको महत्वपूर्ण भूमिका हुने भएकाले सिर्जनात्मक शैलिमार्फत कक्षा शिक्षण गराउन आग्रह गरे । कार्यक्रममा प्रशिक्षक गोविन्द प्रसाद भट्टराईले कक्षा शिक्षणलाई कसरी प्रभावकारी बनाउने, शिक्षण विधि लगायतका विषयमा सहजिकरण गरेका थिए । रामपुर नगरपालिकाका शिक्षा अधिकृत विकल काफ्लेको अध्यक्षता, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई